# यस्तो छ एमाले उम्मेदवारको योजना

## सडक तर्फ

हिले आँखिसल्ला खोकु छिन्ताङ्ग त्रिवेणी उदयपुर सडक ५ वर्ष भित्र कालोपत्रे गर्न पहल गरिने छ ।
मुलघाट त्रिवेणी भोजपुर ग्रामीण सडकलाई ग्राभेल गरी नियमित सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
पिप्ले खोकु मंसुवाटार सडकलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
पञ्चकन्या वेल्टार चिमराहा तातोपानी आहाले विष्णुपादुका धरान सडक स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
पञ्चकन्या सेती चौतारा सफाई हर्दिया आहाले विष्णुपादुका धरान सडक स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
सुकेआहाल माम्फिङ खोकु सडक बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
सुकेआहाल माङतिन वरवोटे गैरी पाखाटोल वात्ती सडक स्तरोन्नती गरिनेछ ।
सुकेआहाल माङतिन वरवोटे चाम्चा साप्टिङ्गटार चिम्राहा करकले सफाईटार अखुवाटार गुठीखेत लामेवगर खोकु माम्फिङ्ग सुकेआहाल चक्रपथ निर्माण गरिनेछ ।
पञ्चकन्या साँकेवा सिरवानी लादिम करकले दोभान सडकको स्तर उन्नती तथा ट्र्याक खोलिनेछ ।
पञ्चकन्या शहिदपार्क पातलडाँडा सडकको स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
साम्वुगाउँ अरुण गुठी सडकको स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
साम्वुगाउँ कागुने ललहङ्ग ललाहानी सडकको स्तरोन्नती तथा ट्र्याक खोली बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
थलथले सालवोटे पाखाटोल वात्ती सडकको स्तरोन्नती तथा ट्र्याक खोली बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
थलथले चाम्चा नम्वुला वाचकर्ने चिम्राहा सडकको स्तरोन्नती तथा ट्र्याक खोल्ने कार्य गरिने छ ।
थलथले चिसापानी पिप्ले खोकु सडकको स्तरोन्नती तथा ट्र्याक खोली बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन पहल गरिनेछ ।
चाम्चा गैरी सालवोटे डाँडागाउँ पिप्ले खोकु सडकको ट्र्याक खोलिने छ ।
सेती चौक हाँगुवा देउराली सडक स्तरोन्नती तथा वाँकी ट्र्याक खोलिने छ ।
यस गाउँपालिका क्षेत्र भित्रका सवै वस्ती टोलमा सडक सञ्जाल विस्तार गरिने छ ।
माङफिङ, वत्तीसे, खोकु सडक स्तरोन्नती तथा ट्र्याक खोल्न पहल गरिनेछ ।
सुकेआहाल, डम्फे, चुङवाङ सडक स्तरोन्ती गरिनेछ ।
घंगरु हांगुवा संविधानसभा चौतारो सडकको ट्र्याक ओपन तथा स्तरोन्नती गर्न पहल गरिनेछ ।
गोपालपुर दक्षिणधाप तेलीपानी आदर्श मा.वि. सडक ट्र्याक ओपन गरिनेछ ।

## शिक्षा

यस गाउँपालिकाको क्षेत्र भित्र रहेका माविहरुमा वैज्ञानिक शिक्षाका लागि मल्टिमिडिया, कम्प्युटर शिक्षा जस्ता शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि स्रोत जुटाउन पहल र प्रयत्न गरिनेछ ।
यस गाउँपालिका भित्र रहेका सबै विद्यालयहरुलाई पुर्ण दरबन्दी, भौतिक पुर्वाधारयुक्त र प्रविधि मैत्री बनाउन पहल र प्रयत्न गरिनेछ ।
गाउँपालिकामा क्यापस स्थापना र प्राविधिक क्याम्पस स्थापनको लागि पहल गरिनेछ ।
यस गाउँपालिका क्षेत्र भित्र रहेका माविहरुमा भौगोलिक विषमतालाई हेरेर प्राविधिक विषयको पढाईको व्यवस्था मिर्लाइने छ ।
शिक्षकहरुको पेशाको सुरक्षा र सम्मानको लागि विषेश कार्यक्रम ल्याइनेछ ।
चक प्रयोगमुक्त विद्यालय वनाईनेछ ।
प्राविधिक र रोजगारमुलक शिक्षाका लागि नीति निर्माण गर्न पहल र प्रयत्न गर्ने ।
प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको निर्माण गरिने छ ।
शहिद परिवारका वालवालिकाहरुलाइ उच्च शिक्षा अध्धयनका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।
अपांगता भएका विपन्न, दलित, सिमान्तकृत, पछाडी पारिएका वर्गका वालवालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिने छ ।
हरेक गाउँमा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सुचना तथा सेवाकेन्द्रको रुपमा विकास गरिनेछ ।

## स्वास्थ्य

गाउँपालिका क्षेत्रभित्र सरकारी अस्पताल स्थापनकोलागि पहल गरिनेछ ।
यस गाउँपालिका क्षेत्र भित्र रहेको स्वास्थ्य चौकीहरुमा एम्वुलेन्स सेवाको व्यवस्था गरिने छ ।
यस गाउँपालिका क्षेत्र भित्र रहेको स्वास्थ्य चौकीमा पुर्ण दरबन्दी, भौतिक पुर्वाधारयुक्त र प्रविधि मैत्री वर्थिङ्ग सेन्टरको स्थापना गरिने छ ।
महिला स्वयंसेविकाहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
आँखिसल्ला स्वास्थ्य चौकीलाई स्तर उन्नती गरी १५ शैयाको सुविधा सम्पन्न अस्पताल निर्माण गर्न पहल गरिनेछ । साथै अनिवार्य रुपमा आकस्मिक सेवा सुचारु गरिने छ ।
यस गाउँपालिकाको वार्ड नं. ३ मा रहेको आयुर्वेदिक औषाधलयलाई स्तर उन्नती गरिने छ ।
यस गाउँपालिका क्षेत्र भित्र पाईने औषधीजन्य जडीवुटीहरुको अनुसन्धान गरी प्रशोधनका व्यवस्था गर्न पहल र प्रयत्न गरिनेछ ।
खोपकेन्द्र आवस्यक भएका टोल बस्तीमा खोप केन्द्र स्थापना गर्ने व्यवस्था गरिनेछ ।
हरेक वडामा स्वास्थ्य इकाइ स्थापना गर्न पहल गरिनेछ ।

## सञ्चार/प्रविधि

लेनलाईन टेलिफोन सेवाको व्यवस्था गर्न पहल गरिने छ ।
इन्टरनेट सेवा सञ्चालन गर्न फोर जी सिष्टमको विकास गर्न पहल गर्ने ।
नेपाल टेलिकम र एनसेलका टावर आवश्यकता अनुसार विस्तार गर्न पहल गरिने छ ।
स्थानीय तहको पत्र पत्रिका प्रकाशन गर्न प्रोत्साहित गरिने छ ।
शैक्षिक तथा प्रशासनिक केन्द्रहरुमा फ्रि वाईफाईको व्यवस्था गरिने छ ।

## विद्युत

यस गाउँपालिका क्षेत्र भित्र हालसम्म विद्युत नपुगेका सबै क्षेत्रहरुमा विद्युत विस्तार गरिने छ ।
सबै पोलहरु फलामे पोलको व्यवस्था गरिने छ ।
विद्युत महसुल काउण्टर प्रत्येक वडामा राख्ने व्यवस्था मिलाईने छ ।

## बैंक

यस गाउँपालिकामा १ वर्ष भित्रमा "क"वर्गको वाणिज्य बैंकको शाखा स्थापना गरिनेछ ।
यस गाउँपालिकाका विभिन्न स्थानमा शाखारहित बैकिङ सेवा स्थापना गर्न पहल गरिनछ ।

## पर्यटन र धार्मिक

पातल डाँडामा निर्माण गरिएको शहिद पार्कलाई पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ ।
खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका वडा नं. १ हाँगुवामा रहेको पुङठुङ पटुके(छेरेरे) झरना, सेलेले झरना गुर्धुममा रहेको झ्यालढुंगा गुफा, वडा नं. २ विष्टटोलमा रहेको लेमलेमा गुफाको भौतिक पुर्वाधार निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
पालतडाँडा छिन्ताङ्ग र घुमाउने डाँडा आँखिसल्लामा भ्यूटावर निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
छिन्ताङ्ग देवी मन्दिरको पुर्वाधार विकास गरी धार्मिक पर्यटनलाई प्रवद्र्धन गरिनेछ, यस मन्दिरको पुजा व्यवस्थापनका लागि मन्दिरको नाममा रहेको गुठी र संकलन हुने भेटी र पुजारीको वैज्ञानिक ढंगले व्यवस्थापन गरिने छ ।
आँखिसल्लाको माङतिनमा रहेको ऐतिहासिक वुढाहाङ्ग राजाले अल्पिएको भनिएको स्थानमा वुढाहाङ्गको भग्नावशेष दरबार (माङघेरी)को संरक्षण गर्न पहल गरिनेछ ।
लोप हुन लागेको पापानी नाँच र पापानी गीतको संरक्षण सम्वद्र्धन गरिने छ र यसका स्रष्टाहरुलाई सम्मान गरिने छ ।
परम्परागत रुपमा स्थापित सरस्वती नाँच र स्रष्टाहरुको सम्वद्र्धन गरिने छ ।
अरुण, तमोर र दुधकोशीको संगम स्थल त्रिवेणीलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न पुर्वाधार निर्माण गरी धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न गुरुयोजना साथै अरुण र तमोर नदीमा ¥याफ्टिङ संचालन गरी पर्यटन प्रबर्धन गरिनेछ ।
यस गाउँपालिका क्षेत्र भित्र धार्मिक तथा पर्यटकीय स्थलहरुको भौतिक पुर्वाधार निर्माणका साथै व्यापक रुपमा प्रचार प्रसार गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न पहल र प्रयत्न गरिनेछ
२०३६ सालमा यस गाउँपालिकामा सहादायता प्राप्त गर्नुहुने अमर सहिदहरुको सहादात स्थलमा स्मारक बनाउन पहल गरिनेछ ।
सवै जात जातिको भाषा,धर्म ,संस्कृति, परम्परा, रीतिरिवाज संरक्षण तथा सम्वद्र्धनका कार्यक्रमहरु संचालन गरिने छ ।
पुरातात्वीक महत्वका दृष्टिले सम्पदाकारुपमा धार्मिक स्थलहरुको संरक्षण गरिनेछ ।

## खेलकुद

खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका वडा नं. १ को वाहुनीखोलामा निर्माणाधीन लामेवगर खेलमैदानलाई जिल्लास्तरको खेलमैदानको रुपमा विकास गरिनेछ ।
खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका वडा नं. ७ को चिम्राहा र साप्टिङटारमा रहेको फुटवल खेलमैदानको स्तर उन्नति गरिनेछ ।
यस गाउँपालिका क्षेत्र भित्र रहेका भलिवल तथा फुटसल खेलमैदानको पुर्वाधार विकास गरिनेछ ।
खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका वडा नं. २ को साम्वुगाउँमा निर्माणाधीन कभर्ड हलको भौतिक पुर्वाधार विकास गरी खेलकुद विकासलाई थप प्रोत्साहन गरिनेछ ।
२०३६ सालमा सहादत प्राप्त गर्ने अमर सहिदहरुको नाममा वर्षेनी सञ्चालन हूँदै आएको "छिन्ताङ सहिदकप फुटबल" खेललाई गाउँपालिकाले स्वामित्व ग्रहण गर्दै नियमित खेल संचालन गरिनेछ ।

## खानेपानी

खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका वडा नं. ६ थलथले वजार, त्यसको आसपासका वस्तीमा खानेपानी व्यवस्थापन गर्न स्रोत पहिचान तथा व्यवस्था गरी लिफ्ट सिस्टम खानेपानी योजना संचालन गरिनेछ । त्यसै गरी वार्ड नं. ४,५ खोकुमा वृहत लुघोङ्ग खोला लिफ्ट सिस्टम खानेपानी योजना, वार्ड नं. १ सुन्तलावारी , राटमाटे,गुर्धुम वस्तीमा अधँेरी खोला लिफ्ट सिस्टम खानेपानी योजना, वार्ड नं. २ र ३ मा वृहत गारा खोला लिफ्ट सिस्टम खानेपानी योजना संचालन गर्न पहल गरिने छ ।
गोपालपुर खानेपानी योजना संचालन गरिने छ ।
खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका भित्रका सबै पुरानो खानेपानी योजनालाई मर्मत सम्भार गरी खानेपानी वितरणलाई आधुनिक र सर्वसुलभ बनाईनेछ ।
एक घर एक धाराको नीति बनाई कार्यान्वयनका लागि जोड दिईनेछ ।
खानेपानी स्रोत संरक्षणका लागि एक गाउँ एक पोखरी निर्माण कार्यक्रमलाई प्राथमिकताका लागु गरिनेछ ।

## सिंचाई

सफाईटार सिंचाई आयोजनाको स्तर उन्नती गरी थप सिंचाई सुविधा उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।
यस गाउँपालिका वार्ड नं. ७ साप्टिङ्गटारमा रंगुवाखोला सिंचाई आयोजना संचालन गर्न पहल गरिने छ ।
खोकुटार सिंचाई कुलो मर्मत तथा स्तर उन्नती गरिने छ ।
अखुवाटार सिंचाई आयोजना संचालन गरिने छ ।
लुघोङ्ग तथा नकुवा खोला सिंचाई कुलोहरुको मर्मत संभार तथा स्तर उन्नती गरिने छ ।
कर्कले वेसी सिंचाई कुलो मर्मत संभार तथा स्तर उन्नती गरिने छ ।
सिर्वानीटारमा अर्धेरी खोला सिंचाई योजना संचालन गरिने छ ।
गोपालपुरमा तमोर नदीबाट पम्पिङ्ग सिंचाई योजना संचालन गर्न पहल गरिनेछ ।
खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका भित्रका पुरानो सिंचाई योजनालाई मर्मत सम्भार तथा स्तर उन्नतीका योजनाहरुलाई प्राथमिकताका साथ संचालन गरिने छ ।

## झोलुङ्गे /पक्की पुल

खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिका वार्ड नं. १ गोपालपुर र साँगुरीगढी गाउँपालिका वार्ड नं. ८ तातोपानी जोड्ने तमोर नदीमा भोलुङ्गे पुल निर्माण गरिने छ ।
प्राविधिक सम्भाव्यता अध्ययन गरी सम्भावना भएका निम्न स्थानहरु मध्ये प्राविधिक दृष्टीककोणबाट उपयुक्त स्थानमा मोटरेबल पक्कीपुल निर्माणका लागि पहल गरिनेछ ।
१) सफाइ–दिलुङ्गटार २) चिम्राहा–तातोपानी ३) दलदली– थालुङटार ४) अखुवाटार– मचुवाटार
५) सुनबालुवा–होमताङ्ग

## कृषि

कृषकहरुलाई तालिमको व्यवस्थापन गरी उनीहरुलाई व्यवसायिक खेती तर्फ प्रोत्साहित गरिनेछ ।
एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गरिने छ ।
कृषि पकेट क्षेत्रहरुमा आवश्यकता अनुसार कृषि उपज संकलन केन्द्रहरु स्थापना गरिने छ ।
उन्नत जातको विउ विजन वितरणमा अनुदान तथा वाली विमाको व्यवस्था गरी माटो परिक्षणलाई नियमित बनाईनेछ ।
फलफुल प्रशोधन केन्द्र स्थापनाका लागि अनुदान सहयोगको व्यवस्था गरिने छ ।
पशुहरुमा नश्ल सुधारको व्यवस्था गरिनेछ ।
नगदेवालीको विकास र विस्तार गरिनेछ ।
चिस्यान केन्द्रको स्थापना गर्न पहल गरिने छ ।
प्राङ्गगारिक मलको प्रचार प्रसार गर्ने, थोपा सिंचाई, जैविक विषादीको विकास तथा अर्गानिक उत्पादनमा जोड दिईनेछ ।
बाँझो जग्गाहरुमा बोट विरुवा, रुद्राक्ष, बोधिचित्त, सुन्तला लगायतका विरुवाहरुको व्यवस्थापन गरिनेछ ।
कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गरी कृषि तथा पशु विमा कार्यक्रम संचालन गरिनेछ । साथै अनुदान सहयोगको व्यवस्था गरिने छ ।

## सहकारी, उद्योग र रोजगार

घरेलु तथा साना उद्योग स्थापना गर्न तथा संचालन गर्न प्रोत्साहन गरिने छ । साथै अनुदान सहयोगको व्यवस्था गरिने छ ।
रोजगारमुलक तथा आय आर्जनमुलक विशेष गरी युवा लक्षित व्यवसायिक सीपमुलक तालिमहरु संचालन गरिने छ ।
एक गाउँ एक सहकारी कार्यक्रम तदारुकताका साथ लागु गरिने छ ।
लक्षित कार्यक्रम
जेष्ठ नागरिक भत्ता २००० बाट वढाई ५००० पुर्याउन हल गरिने छ । आन्तरीक स्रोतलाई मध्यनजर गरी थप विशेष सुविधाको व्यवस्था गरिने छ ।
सामाजिक सुरक्षा भत्ता लक्षित वर्गको हात हातमा पु¥याउने व्यवस्था गरिने छ ।
जेष्ठ नागरिकहरुलाई प्रत्येक वर्ष प्रत्येक वडामा विशेष सम्मान गरिनेछ ।
जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुलाई प्रत्येक ६,६ महिनामा निःशुल्क स्वास्थ्य परीक्षण गराउने व्यवस्था गरिने छ । साथै गम्भिर प्रकृतिका विरामीहरुको निःशुल्क उपचार गराउने व्यवस्था मिलाईने छ ।
दलित समुदायका बालबालिका जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराउने व्यक्तिलाई प्रति बालबालिका रु १०००÷– तत्काल उपलव्ध गराउने व्यवस्था कडाईका साथ कार्यान्वयन गरिने छ ।
वाल अधिकारको विषयमा व्यापक प्रचार प्रसार गरी वाल श्रममुक्त गाउँपालिका निर्माण गरिनेछ । साथै बाल विवाहलाई पुर्णत निषेध गर्दै लगिनेछ ।
महिलाहरुका लागि छुट्टै खाले कानुनहरु निर्माण गरी उनीहरुलाई लैंगिक मुलधारमा ल्याउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै उनीहरु माथि हुने गरेका लैंगिक हिंसाका घट्नाहरुलाई अन्त्य गर्ने खालका सचेतनामुलक कार्यक्रमहरु तथा सुरक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
महिलाहरुलाई धनको मालिक बनाउन उनीहरुमा आर्थिक आयआर्जनका कार्यक्रम सञ्चालन गरिनुका साथै गाउँपालिका भित्रका हरेक रोजगारीका अवसरहरुमा महिलाहरुलाई प्राथमिकता दिईनेछ ।
टुहुरा अनाथ बालबालिकालाई विशेष भत्ताको व्यवस्था गरने छ ।
दलित समुदायको परम्परागत पेशालाई आधुनिकीकरण गर्दै उनीहरुको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक अवस्थालाई अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै उनीहरु माथि हुने जातीय विभेद तथा छुवाछुतका घट्नाहरुको पुर्ण रुपमा अन्त्य गर्न नेपालको संविधान र यस अन्तर्गत बनेका ऐन कानुनहरुलाई कडाईका साथ लागु गरिनेछ ।
जेष्ठ नागरिकहरुको जीवनयापनलाई थप सहज बनाउन हरेक वडामा कम्तिमा एउटा वृद्धाश्रमालय (अनुभव चौतारी) को निर्माण गरिनेछ ।
युवाहरु भविष्यका कर्णधार मात्र हैनन् वर्तमानका साझेदार पनि हुन् भन्ने नाराका साथ युवाहरुलाई परिचालन गरी हरेक विकास निर्माणका कार्यहरुमा युवा सहभागीतालाई अनिवार्य बनाईनेछ । साथै उनीहरुलाई कुलतमा लाग्नबाट रोक्ने कार्यक्रमहरु सञ्चालन गर्दै स्वरोजगार बन्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
हरेक वडामा युवा स्वरोजगार कोषको स्थापना गरी युवाहरुलाई स्वरोजगार तर्फ आकर्षित गर्दै वैदेशिक रोजगारमा जाने युवाहरुलाई निरुत्साहित बनाईनेछ । साथै बैदेशिक रोजगारबाट फर्किएका युवाहरु उद्यमी बन्न चाहेको खण्डमा युवा स्वरोजगार कोषबाट नै विशेष सहयोग गर्ने व्यवस्था गरिनेछ ।
हरेक वडा वालमैत्री वडा भन्ने नाराका साथ नीति र कार्यक्रमहरु सञ्चालन गरी सिंगो गाउँपालिकालाई बालमैत्री गाउँपालिका निर्माण गरिनेछ ।

## वन तथा वातावरण

गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुमा उपभोक्ताहरुको जीवनस्तर उकास्ने खाल्का उत्पादन तथा आयआर्जनमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
वन उपज स्रोत उपयोगका लागि दिर्घकालिन गुरु योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
खाली र बाँझो रहेका सार्वजनिक जग्गाहरुलाई वन क्षेत्र बनाउन पहल र प्रयत्न गरिनेछ ।
सुक्खा जमिनहरुमा पोखरी निर्माण अभियान सञ्चालन गरिनेछ ।
जलवायु परिवर्तनका असरहरुलाई कम गर्न यसका प्रभावहरुको अध्ययन गरी अनुकुलन कोषको स्थापना गर्दै स्थानीय बासिन्दाहरुलाई अनुकुलन तर्फ लैजान प्रशिक्षित गरिनेछ ।

## विविध

विज्ञहरुको सहभागीतामा खाल्सा छिन्ताङ्ग शहिदभूमी गाउँपालिकाको वृहत् विकासको गुरुयोजना निर्माण गरिनेछ ।
यस गाउँपालिकालाई किराँत राई स्वायत्तताका लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरिनेछ ।
आँखिसल्लाको डम्फे, खोकु र छिन्ताङ गुरासे र गुर्धुम टोलमा होमस्टे संचालनका लागि विशेष प्रोत्साहन गरिनेछ ।
प्रशासनिक कामलाई चुस्त, दुरुस्त बनाउँदै जनतालाई नजिकबाट भरपर्दो विश्वासिलो सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ भने बेला बेला घुम्ति शिविरहरु सञ्चालन गरिनेछ ।
गाउँपालिकाका हरेक वडामा शान्ति सुरक्षा कायम राख्न आवस्यकता अनुसार प्रहरीचौकी स्थापना गर्न पहल गरिने छ ।
यस गाउँपालिकालाई ढिलासुस्ती र भ्रष्टचारमुक्त गाउँपालिका बनाईनेछ । पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधीहरुले निर्वाचित भएको एक महिना भित्रमा आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नेछन् भने हरेक एक वर्षमा सम्पत्ति विवरण सार्वजनिककरण गराईनेछ ।
प्रत्येक महिनाको एक दिन वडामा अध्यक्ष तथा उपाध्यक्ष कार्यक्रम बनाई वडा कार्यालयमा गाउँपालिका अध्यक्ष तथा उपध्यक्ष जाने व्यवस्था मिलाईनेछ ।
पारदर्शिताका लागि हरेक ३ महिनामा गाउँपालिकाको आय व्यय विवरणलाई सार्वजनिक गरिनेछ ।
खाल्सा छिन्ताङ सहिदभुमीवासीहरुको सुझाव, समस्या एवम् गुनासाहरुलाई सम्बोधन गर्न पाक्षिकरुमा हेल्लो अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।
विकासका कामहरुलाई सहज सुलभ र सबैका लागि पुर्याउन हरेक वडाहरुमा एकिकृत वस्ती विकासको योजना सञ्चालन गरिनेछ ।
बजारउन्मुख क्षेत्रहरुमा ढल निकास तथा फोहरमैलाको व्यवस्थापनका लागि डम्पिङ्ग साईटको व्यवस्था एवम् सार्वजनिक शौचालयहरुको व्यवस्था गरिनेछ ।
बाढि, पहिरो, भूकम्प, आगलागी जस्ता विपत्तिहरुबाट सिर्जित विपद्हरुलाई सहयोग गर्न हरेक वडामा एक विपद् कोषको स्थापना गरिनेछ ।
गाउँपालिका स्तरमा सुविधा सम्पन्न सामुदायिक भवनको निर्माण गरिनेछ ।
प्रतिभावान गायक गायिका, खेलाडी, साहित्यकार आदिलाई गाउँपालिकाको तर्फबाट सम्मान गर्दै उनीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा स्थापित गर्न गाउँपालिकाको तर्फबाट सहयोगको व्यवस्था गरिनेछ ।
गैरआवासीय खाल्साछिन्ताङ सहिदभुमिवासी नागरिकहरुलाई यस क्षेत्रको विकासका लागि लगानी गर्न प्रोत्साहन गरिनेछ ।
जनप्रतिनिधी विहिन स्थानीय तहहरुमा जनप्रतिनिधीहरुको समेत काम गरिरहेका स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका सामाजिक परिचालकहरुलाई आन्तरिक प्रतिस्पर्धाको माध्यम्बाट स्थायी गर्ने प्रक्रिया अगाडी बढाईनेछ ।